# जनकपुरधाम घोषणापत्र

नेपालको संविधान जारी भएको सात वर्ष पुरा हुनै लागेको तथा संविधानले ब्यवस्था गरेको तिन तहको सरकार अन्तर्गत प्रदेश सभाको निर्वाचन भई प्रदेश सरकार गठन भएको पाँच वर्ष पुग्न लागेको अवस्थामा पनि संघियताका आधारभूत संरचनाहरु क्रियाशिल हुन नसकी प्रदेश सरकार प्रहरी प्रशासन समेतका संरचनाहरु हस्तान्तरण नहुँदा पूर्ण रुपले सकृय हुन नसकेको सन्दर्भमा आज मिति २०७९।०३।२३ गते जनकपुरधाममा सातवटै प्रदेशका आन्तरिक मामिला तथा (गृह), संचार मन्त्री र मुख्य न्यायाधिवक्ताहरुको भेलामा भएको छलफलले निम्न लिखित जनकपुरधाम घोषणापत्र जारी गरिएको छ।

१) प्रदेश प्रहरी कार्यान्वयन गर्ने सम्वन्धमा प्रहरी समायोजन ऐन र प्रहरी समन्वय सम्वन्धी ऐनलाई आधार लिई संघिय सरकारले आगामी श्रावण मसान्त भित्र प्रहरी समायोजन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने।

२) प्रदेश भित्र रहेका जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीहरुलाई प्रदेश मातहत ल्याउन हामी प्रतिबद्धता जाहेर गर्दै संघिय सरकरलाई यसतर्फ अग्रसर हुन आग्रह गर्दछौं।

३) विपद ब्यवस्थापन सम्वन्धी कार्यलाई थप प्रभावकारी बनाउन प्रदेश सरकारहरुलाई अधिकार सम्पन्न बनाउनु पर्ने।

४) काठमाण्डौ उपत्यकाका तिन जिल्लाको शान्ति सुरक्षाको जिम्मा संघले लिई तिनवटै जिल्ला प्रहरी कार्यालय र मातहतको प्रहरी कार्यालय संघको गृह मन्त्रालय मातहत राख्ने गरी प्रस्तावित प्रहरी ऐन संशोधनको कार्य संविधानको अनुसूची ६ विपरित भएकाले उक्त कार्य तत्काल रोकि १३ वटै जिल्लाको शान्ती सुरक्षाको जिम्मा प्रदेश सरकार मातहत हुनुपर्ने।

५) प्रदेशभित्र रहेका सबै सरकारी वकील कार्यालयहरु प्रदेशको मुख्य न्यायाधिवक्ता मातहत ल्याई अभियोजन सम्वन्धि अधिकार मुख्य न्यायाधिवक्तालाई हस्तान्तरण गर्न अधिकार प्रत्यायोजनका लागि महान्यायाधिवक्तालाई आवश्यक कानूनी ब्यवस्था गर्न अनुरोध गर्ने।

६) प्रदेश निजामति सेवा अनुसार प्रदेशको प्रमुख सचिव तथा सचिवहरु प्रदेशको आफ्नै नियमावली अनुसार ल्याउनुपर्ने।

७) यस घोषणा पत्रमा उल्लेखित प्रादेशिक अधिकारहरु सुनिश्चित गराउन समन्वय, सहकार्य गर्न हामि प्रतिबद्ध छौं।

**घोषणापत्र जारीकर्ता:**

१) मा. केदार कार्की
(आन्तरिक मामिला तथा कानून मंत्रालय), प्रदेश नं. १

२) मा. भरत प्रसाद साह
(गृह तथा संचार मंत्रालय), मधेश प्रदेश

३) मा. कृष्ण प्रसाद शर्मा खनाल
(आन्तरिक मामिला तथा कानून मंत्रालय), बागमती प्रदेश

४) मा. डोबाटे बिश्वकर्मा
(आन्तरिक मामिला ~~तथा कानून~~ मंत्रालय), गण्डकी प्रदेश

५) मा. तिलकराम शर्मा
(आन्तरिक मामिला तथा संचार मंत्रालय), लुम्बिनी प्रदेश

६) मा. डा रणबहादुर रावल
(आन्तरिक मामिला तथा कानून मंत्रालय), सुदुरपश्चिम प्रदेश

मितिः २०७९।०३।२३